गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्ड : ६    पौष १३ गते, २०७९ साल, संख्या : ७

## भाग - १

## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२६ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## गढवा गाउँपालिकाको नगर प्रहरी ऐन, २०७९

स्थानीय सरकारका रुपमा गढवा गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउदै पालिकाभित्र सुव्यवस्था कायम गर्न तथा गाउँपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन नगर प्रहरीको संचालन एवम परिचालन कायलाई व्यवस्थित बनाउनु पर्ने आवश्यकता रहेकोले नपालको संविधानको धारा ५७(४) र अनुसूचि–८ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी गढवा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

### १. सक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम " गढवा गाँउपालिकाको नगर प्रहरी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात लागु हूने छ ।

### २. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

क. "अध्यक्ष" भन्नाले गढवा गाँउकार्यपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "उपाध्यक्ष" भन्नाले गढवा गाँउकार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग. “गाँउकार्यपालिका” भन्नाले गढवा गाँउपालिकाको गाँउकार्यपालिका सम्झनु पदर्छ ।

घ. “गाँउ सभा” भन्नाले गढवा गाँउपालिकाको गाँउसभा सम्झनु पर्दछ ।

ङ. “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनु  पर्दछ ।

च. “नगर प्रहरी ऐन” भन्नाले “ गढवा गाँउपालिकाको नगर प्रहरी ऐन २०७९” सम्झनु पर्दछ ।

छ. “कार्यालय” भन्नाले गढवा गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ज. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गढवा गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

झ. “नगर प्रहरी” भन्नाले गढवा गाँउपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेतलाई जनाउँदछ ।

## २. नगर प्रहरीको व्यवस्थाः

(१) गढवा गाँउपालिकाको छुट्टै नगर प्रहरी रहने छ जसलाई गढवा नगर प्रहरीको नामले समेत चिनिनेछ ।

(२) गाँउसभाबाट विनियोजित बजेट को सीमा भित्र रही गाउँकार्यपालिकाको निर्णयमा आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन सक्नेछ ।

(३) कार्यालयले आवश्यक ठानेमा हाल कार्यरत रहेका कमचारीहरु मध्येबाट नै छनौट गरी माथि उपदफा (२) मा उल्लेखित बजेट को सीमा भित्र रही आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन बाधा पुगको मानिने छैन ।

## ३. नगर प्रहरीको सञ्चालन एवं परिचालन :

(१) कार्यालयले नगर प्रहरीको नेतृत्व एवं परिचालन गर्न कम्तीमा प्रहरी हवल्दार बराबरको पारिश्रमिक सुविधा पाउने गरी एक जना नगर प्रहरी प्रमुख तोक्नेछ ।

(२) नगर प्रहरीको प्रभावकारी परिचालनका लागि प्रहरी हवल्दारले पाउने पारिश्रमिक सुविधा पाउने गरी २ जना नगर प्रहरी हवल्दार सेवा करारमा लिन सकिने वा हाल कार्यरत नगर प्रहरी मध्येबाटै नगर प्रहरी हवल्दारको रुपमा कामकाज गर्ने गरी कार्यालयले तोक्न सक्नेछ ।

(३) नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको अधीनमा रही कार्य गर्नेछ र दैनिक रुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन गा.पा अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनुपर्नेछ ।

(४) प्रत्येक नगर प्रहरीले नगर प्रहरी प्रमुखको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको मातहतमा रही कार्य गर्नेछ । नगर प्रहरीले पालन गर्नुपर्ने अनुशासन एवं आचरण उलंघन गर्ने नगर प्रहरीलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई अनुशासनात्मक सजाय दिन सक्नेछ ।

(५) गाँउपालिकाको कामको सिलसिलामा गाँउपालिकाको अध्यक्षले दिएको आदेशको पालन गर्ने नगर प्रहरीको कर्तव्य हनेुछ ।

(६) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मवारीको बाँडफाँड प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा नगर प्रहरी प्रमुखले गर्नेछ र सो को जानकारी गाउँपालिकाको अध्यक्षलाई समेत दिनेछ ।

## ४. कार्य विवरण :

(१) ऐनको दफा ११(२) को खण्ड(क) को (२) मा उल्लेखित कार्यहरुमा कार्यालयले नगर प्रहरी परिचालन गर्नेछ । साथै, कार्यालयले आवश्यक ठानेका कार्यालयको अन्य काममा समेत नगर प्रहरी खटाउन सकिनेछ ।

(२) नगर प्रहरीलाई कार्यालयले जुनसुकै समय जुनसुकै बखत काममा लगाउन सक्नेछ ।

(३) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, बिदा तथा ड्यूटी रोस्टरको अभिलेख अद्यावधिक गरी राख्ने छ ।

## ५. आचरणः

(१) नगर प्रहरीले देहायको आचरणहरु पालन गर्नु पर्नेछः

क. नगर प्रहरीले प्रचलित कानून तथा गाँउपालिकाको निर्णय, नीति नियमको पालन गर्नेछ ।

ख. प्रहरीले पालन गर्नुपर्ने समय तथा आज्ञापालन लगायत अन्य अनुशासन सम्बन्धी कुरा पालन गर्नु पर्नेछ ।

ग. नगर प्रहरीले कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालना गर्नुपर्नेछ ।

घ. नगर प्रहरीले गाँउपालिकाका कमचारी, सेवाग्राही तथा गाँउबासी प्रति सम्मान र आदरभाव राख्नु पर्नेछ ।

ङ. स्वच्छ चरित्र एवं आचरणयुक्त हुनु पर्नेछ ।

च. डयुटीमा खटिएको समयमा पान, गुटखा, सुर्तिजन्य पदार्थ वा मद्यपान गर्नु हुदैन ।

छ. गाँउपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु/गराउनु हुदैन ।

ज. आफूलाई तोकिएको जिम्मवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकतापूर्वक निर्वाह गर्नु पर्दछ ।

## ६. पोशाक, चिन्ह आदि :

नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, किसिम, साको रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

## ७. संचार सेट :

नगर प्रहरीको कार्य सम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यक संचार सेट लगायतका आवश्यक साधन उपलब्ध गराउन सक्नेछ ।

## ८. निरीक्षणः

गाँउपालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ ।

## ९. आवासः

नगर प्रहरीलाई आवश्यकता अनुसार ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## १०. पारिश्रमिक, रासन, बिदा तथा अन्य सुविधाः

(१) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त सुविधा कार्यालयले तोके बमोजिम वा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करार म्याद आवश्यकता अनुसार नवीकरण गर्न सकिनेछ ।

(३) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखिएका भए तापनि कार्य सम्पादन स्तर सन्तोषजनक नरहेको अवस्थामा सम्बन्धीत नगर प्रहरीको करार सम्झौता (म्याद थप) प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा कार्यालयले नवीकरण गर्ने छैन ।

## ११. तालिमः

कार्यालयल नगर प्रहरीलाई समय समयमा आवश्यक सुरक्षा सम्बन्धी तथा अन्य तालिमको व्यवस्था गर्न सक्नेछ ।

## १२. कार्यविवरण

### १२.१ अंगरक्षकको रुपमा कार्य गर्ने :

कार्यालयले आवश्यक ठानेमा नगर प्रहरीलाई अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको अंगरक्षकको रुपमा कार्य गर्ने गरी खटाउन सक्नेछ ।

### १२.२ अन्य कार्यविवरण :

नगर प्रहरीको तपशिल बमोजिमको कार्यविवरण हुनेछ :

क) प्राकृतिक श्रोत साधनको संरक्षण गर्नुपर्ने

ख) सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने

ग) गढवा गाउँपालिका भित्र शान्ती सुरक्षा कायम गर्नुपर्ने

घ) गढवाबासी तथा गढवाका नागरिकको जिउधनको रक्षा गर्नुपर्ने

ङ) विपद सम्बन्धी राहत तथा खोज उद्धार कार्यमा सहभागी हुनुपर्ने

च) राजश्व चुहावट तथा चोरी निकासी जस्ता अपराधिक कार्यको रोकथाम तथा नियन्त्रणको कार्य गर्ने

छ) गाउँपालिकाको आवश्यकता अनुसार खटाएको वा तोकिएको अन्य कार्य गर्ने

## १३. प्रतिवेदन :

नगर प्रहरीले गरेको कार्य सम्पादनको साप्ताहिक एवं मासिक प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत  गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ ।

## १४. छानविन :

नगर प्रहरीले कानुन विपरीत वा वद्नियतपूर्वक कार्य गरेको भनी कार्यालयमा उजुरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानविन गर्न, गराउन र आवश्यक कारवाही गर्न सक्नेछ ।

## १५. सजाय, कारवाही तथा बर्खास्तगीः

कुनै नगर प्रहरीले प्रचलित कानुन वा  गाँउपालिकाको निर्णय, नीति, नियम विपरितको कार्य गरेमा वा वद्नियतपूर्वक कार्य गरी गाँउपालिकालाई हानी नोक्सानी पुऱ्याएमा वा आचरण सम्बन्धी कुराहरु पालन नगरको वा अनुशासनहीन कार्य गरेमा वा गाँउपालिकाको कामको सिलसिलामा कार्यालयले दिएको आदेश/निर्देशनको पालन नगरेमा निजलाई गर्नुपर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेको पुष्टि हुन आएमा पर्याप्त प्रमाणहरुको आधारमा प्रमुख प्रशासकीय अधिकृतले

नसिहत दिन, पद घटुवा गर्न वा अन्य आवश्यक सजाय वा कारवाही गर्न वा जुनसुकै बखत निजलाई सेवाबाट हटाउन सक्ने छ ।

**१६. पुरस्कार :**

प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई कार्यालयले उचित पुरस्कार दिन सक्नेछ ।

**१७. कार्य सञ्चालन प्रक्रियाः**

कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया (Standard Operating Procedure) बनाई लागू गर्न सक्नेछ ।

**१८. नियम, निर्देशिका बनाउन सक्ने :**

नगर प्रहरी ऐनको उद्देश्य कार्यान्वयनका लागि गाँउकार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका बनाउन सक्नेछ ।

**१९. बचाउ :**

(१) यस ऐनमा लेखिए जति कुराको हकमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा लेखिएदेखी बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत